नेपाल सरकार
गृह मन्त्रालय
नेपाल हज समितिको सचिवालय

पत्र संख्याः-०७३/०७४
चलानी नं.:-५८

सिंहदरवार
काठमाण्डौ, नेपाल ।

मितिः ....२०७३।१२।०७....

विषयः- हज आवेदन सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय, ।

सबै ।

वि.स. २०७४ (सन् २०१७) मा साउदी अरबको मक्का मदिनामा हज गर्न जान चाहने इच्छुक नेपाली मुसलमानहरुले सक्कल राहदानी समेत राखी २०७४ साल बैशाख १० गतेभित्र सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरु मार्फत आवेदन पेश गर्ने सम्बन्धी सूचना यस समितिको मिति २०७३।१२।०६ को निर्णयानुसार मिति २०७३।१२।०७ गतेको गोरखापत्र दैनिकमा प्रकाशित गरिएको छ । हज आवेदकहरुले भर्नु पर्ने आवेदन फाराम यसैसाथ संलग्न छ ।

हज गर्न जान इच्छुक व्यक्तिहरुका लागि नेपाल हज समितिबाट प्रकाशित आवेदन भरी बुझाउन गरिएको सूचनाको जानकारी स्थानीय मुस्लिमसंग सम्बन्धित संघसंस्था तथा ती संघसंस्थाहरुका प्रतिनिधिहरुलाई समेत गराई सूचनाको प्रचारप्रसार कार्यमा समेत सहयोग हुन अनुरोध छ । उक्त फारम हजयात्राका लागि जान इच्छुक व्यक्तिहरुलाई उपलब्ध गराई सूचनामा उल्लेखित कागजात सहितका आवेदन फारम मिति २०७४।१।१० गतेसम्म बुझि उक्त फारमहरु मिति २०७४।१।१७ गतेसम्म नेपाल हज समितिको सचिवालयमा आइपुग्ने गरी पठाइदिनु हुन अनुरोध छ ।

साथै हजका लागि आवेदन बुझिलिएका जिल्ला प्रशासन कार्यालयहरुले हज सम्बन्धी कार्य गर्नका लागि त्यस कार्यालयको कुनै एक जिम्मेवार कर्मचारीलाई तोकी निजको नाम र मोबाइल नम्बर समेत यस समितिमा उपलब्ध गराई दिनुहुन अनुरोध छ ।

२०७३/१२/७

ज्ञानप्रसाद ढकाल
(सदस्य सचिव)

नेपाल सरकार

गृह मन्त्रालय

# नेपाल हज समितिको सचिवालयको

## २०७४ साल (सन् २०१७) मा हज गर्न जान चाहने व्यक्तिहरुलाई आवेदन पेश गर्ने सम्बन्धी सूचना

२०७४ साल (सन् २०१७) मा साउदीअरबको मक्का-मदिनामा हज गर्न जान चाहने ईच्छुक नेपाली मुसलमानहरुले देहाय अनुसारका कागजातहरु संलग्न राखी मिति २०७४ साल वैशाख १० गते भित्र सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरुमा रितपूर्वकको आवेदन फाराम पेश गर्न नेपाल हज समितिको मिति २०७३।१२।०६ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । समयमै सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरु मार्फत् अनिवार्य रुपमा राहदानी (MRP) सहित आवेदन पेश गर्नुहुन जानकारी गराइएको छ । साथै गत वर्ष सन् २०१६ मा हज गर्न जान नपाएका हजयात्रीहरुलाई प्राथमिकतामा राखी बाँकी आवेदकहरुमध्ये पहिले आवेदन गर्ने व्यक्तिहरुलाई दोश्रो प्राथमिकता दिईने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइएको छ ।

**आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरुः**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि - १

२. सक्कल राहदानी (MRP) -१

३. राहदानी (MRP) को प्रतिलिपी -१ (राहदानी वाहकको पूर्ण विवरणः नाम, ठेगाना, जन्म मिति, लिङ्ग (महिला/पुरुष) तथा कार्यालयको छाप र हस्ताक्षर ठीक भए नभएको एकिन गरी)

४. हवाई टिकट र साउदी अरबमा लाग्ने, घर भाडा, परिवहन खर्च, मौल्लिम दस्तुर समेत एकिन भएपछि थप रकम पुनः दाखिला गर्ने गरी हाललाई राष्ट्रिय वाणिज्य वैंक, सिंहदरबार शाखामा रहेको नेपाल हज समितिको चल्ती खाता नं. ११३००००३९६०१ मा जम्मा हुने गरी राष्ट्रिय वाणिज्य वैंकको कुनै पनि शाखाबाट रु. १००,०००/- (एक लाख मात्र) जम्मा गरी जम्मा गर्ने व्यक्ति (आवेदक) को नाम उल्लेख गरेको सक्कलै भौचर -१

५. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ३ प्रति र अटो साइजको फोटो २ प्रति (प्रत्येक फोटोको पछाडी नउड्ने मसीले नाम र ठेगाना स्पष्ट उल्लेख हुनुपर्ने)

६. महिला आवेदकको हकमा निजको साथमा मुस्लिम परम्परा अनुसार मेहरम भै हज गर्न जाने निजका (पति, बाबु, दाजु, भाई, छोरा वा छोरी ज्वाई मध्ये कुनै एकसँग) नाता खुल्ने कागजात र राहदानी को प्रतिलिपि समेत - १

७. राहदानी (MRP) नबनाएका व्यक्तिहरुले जिल्ला प्रशासन कार्यालयमा समयमै सम्पर्क गरी राहदानी (MRP) बनाई निवेदन पेश गर्नुपर्नेछ । जिल्ला प्रशासन कार्यालयहरुले पनि हजयात्रीको राहदानी बनाउन प्राथमिकता दिनुपर्ने छ ।

**पुनश्चः** सन् २०१६ मा हज यात्रा गर्न जान नपाएका ६१५ जना हाजीहरुले सन् २०१७ मा हज गर्न चाहेमा निजले रकम फिर्ता नलिएको खण्डमा एक प्रति फाराम र २ प्रति फोटोका साथ आफू हज गर्न जान चाहेको व्यहोरा उल्लेख गरिएको निवेदन संलग्न राखी जिल्ला प्रशासन कार्यालयमा पुनः आवेदन गर्नु पर्ने छ । पुनः निवेदन नदिएका व्यक्तिलाई हजयात्रामा समावेश नगरिने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

# हजयात्राको दरखास्त फाराम

**(फाराममा भएको सम्पूर्ण विवरण नछुट्ने गरी स्पष्टसँग उल्लेख गर्नु होला)**

फोटो

**श्रीमान् अध्यक्षज्यू,**
**नेपाल हज समिति, काठमाडौं**
**मार्फत – जिल्ला प्रशासन कार्यालय**

............................................

वि.सं. २०७४ साल (सन् २०१७) मा साउदी अरबको मक्का-मदिनामा हज गर्न जान मेरो इच्छा भएकोले त्यस समितिबाट प्रकाशित सूचना अनुसार हाल बुझाउनु पर्ने रु. १,००,०००।- (एक लाख) दाखिला गरी यो निवेदन पेश गरेको छु । वि.सं. २०७३ (सन् २०१६) मा हज गर्न हज समितिमा रकम जम्मा गरी जान नपाएका व्यक्ति ६१५ जना रहेको जानकारी पाए । हजयात्रामा जान छनौटमा परेमा हज समितिले थप बुझाउनु पर्ने भनि एकिन गरेको रकम सूचना प्राप्त हुनासाथ जम्मा गर्नेछु । हज यात्रीहरूको छनौट प्रक्रिया र हज यात्रा सम्बन्धमा हज समितिले गर्ने निर्णय र निर्देशनहरू प्रति मेरो मञ्जुरी हुनेछ ।

**१. निवेदकको नाम, थर (देवनागरी र अंग्रेजी ठूलो अक्षरमा)**

**नाम :– श्रीमान्/श्रीमती/सुश्री :** ..............................................................................................

NAME (In Capital Letter) Mr/Mrs/Miss : ...............................................................................................

**नागरिकता नं. :** ..................... **जिल्ला :** ............................... **जारी मिति :** .........................

**राहदानी नं. :** ....................**जारी गर्ने कार्यालय :** .................... **जारी मिति :**.........................

**वैवाहिक स्थिति : विवाहित** ☐ **अविवाहित** ☐ **लिङ्ग :– पुरूष** ☐ **महिला** ☐

**२. जन्म मिति (अङ्कमा लेख्नु होला)**

**विक्रम सम्वत् :– साल :** ................ **महिना :** ........... **गते :** ........ **उमेर : वर्षमा :** ..........

**इस्वी सन् :– साल :** ...................**महिना :** .......... **गते :** .........

**३. स्थायी ठेगाना :– जिल्ला :** ........... **न.पा./गा.वि.स. :** ............ **वार्ड नं. :**... **टोल**.......................

**४. निवेदकको हुलिया :– आँखाको रङ्ग :** ........................... **केशको रङ्ग :** ........... **वर्ण :** ................

**अपाङ्गता भएमा सोको अवस्था :** ..........................................................................................

**५. पेशा :** ............................

**६. निवेदकको बाबुको नाम, थर :**........................................... **ठेगाना :** ....................................

**७. निवेदकको आमाको नाम, थर :** ......................................**ठेगाना :** ....................................

**८. पति/पत्नी/अभिभावकको नाम, थर :** ...................................**ठेगाना :** ..................................

**९. निवेदक महिला भए साथमा जाने मेहरमको नाम, थर :** ...............................................................

**ठेगाना :** ....................... **नाता :** .........**राहदानी नं. :** ..........................**सम्पर्क नं. :** ...............

**१०. पहिला हज गर्न गएको/नगएको :** .................. **गएको भए साल खुलाउने :** ..............................

नोट : वि.सं. २०७३ मा हज यात्रा गर्न जान नपाएका ६१५ जना निवेदकहरुले वि.स.२०७४ (सन् २०१७) मा हज गर्न जान चाहेमा निजले रकम फिर्ता नलिएको खण्डमा एक प्रति फाराम र २ प्रति फोटोका साथ निवेदन संलग्न राखी जिल्ला प्रशासन कार्यालयमा पुनः आवेदन गर्नुपर्नेछ । निवेदन नदिएमा हजयात्रामा समावेश गरिने छैन ।

**११. निवेदकको सम्बन्धमा विदेशमा कुनै जरूरी कुरा पर्न गएमा नेपालमा खबर गर्नु पर्ने व्यक्ति :-**

**नाम, थर : (नेपालीमा)** .........................................................................................

NAME (In Capital Letter) .........................................................................................

**ठेगाना :** ............................................ **नाता :** .............. **सम्पर्क नं. :** .........................

**१२. निवेदकको उमेर ७० वर्ष भन्दा माथि भएमा साथमा जाने सहयोगी व्यक्ति :-**

**नाम, थर : (नेपालीमा)** .........................................................................................

NAME (In Capital Letter) .........................................................................................

**ठेगाना :** .......................... **नाता :** ........... **सम्पर्क नं. :** ...................**राहदानी नं.**..................

**१३. आवेदन साथ संलग्न राख्नुपर्ने आवश्यक कागजात :-**

(क) रु.१,००,०००। (एक लाख) दाखिला गरेको सक्कल बैंक भौचर ।
(ख) सक्कल राहदानी ।
(ग) नेपाली नागरिकताको प्रमाण-पत्रको फोटोकपी ।
(घ) मेहरमसँगको नाता खुल्ने कागज र मेहरमको राहदानीको फोटोकपी ।
(ङ) हालसालै खिचेको अटो साइजको फोटो २ प्रति र पासपोर्ट साइजको ३ प्रति ।

**१४. म निम्न बुँदाहरू पालना गर्न प्रतिबद्ध रहनेछु :**

क) इस्लाम धर्म अनुसार हजयात्रा गर्न मञ्जुर गर्दछु ।
ख) हजको अर्कान (नियम) र व्यवहारिक कुराबारे सचेतना लिएको छु/लिनेछु ।
ग) काठमाडौंमा रहँदा हज समितिको व्यवस्था अनुसार अनुशासित भई वस्ने, खाने, खोप लगाउने, भिसा लागेको राहदानी लिने, हवाई टिकट लिने र आवश्यक विदेशी मुद्रा सटहि गरी यात्रा गर्नेछु ।
घ) नेपाल र साउदी अरबको प्रचलित नियम कानूनको परिपालन गर्नेछु ।
ङ) हजयात्रा क्रममा हवाई जहाजमा आउँदा जाँदा एयरलायन्सको नियम मान्नेछु ।
च) मक्का मदिनामा हज समितिको व्यवस्था अनुसार कुनै असुविधा आएमा सकेसम्म आफै समाधान गर्न कोशीस गर्नेछु, यदि नसकेमा सम्बन्धित निकायमा पहिले जानकारी गराउनेछु ।
छ) हजयात्रामा रहँदा मक्का, मिना, अरफात, मुज्दलफा र मदिनामा खानाको व्यवस्था आफैं गर्नेछु ।
ज) हजयात्राको क्रममा मिना र अरफातमा रहँदा मोअल्लीमको व्यवस्था अनुसार चल्नेछु ।
झ) हजयात्राको अवधिभर कुनै असामाजिक र अमर्यादित क्रियाकलाप गर्ने छैन, गरेमा हज समितिले गरेको निर्णय मान्न तयार छु ।

**१५. माथि लेखिएको विवरण सबै साचो हो, झुठा ठहरे कानून बमोजिम सहुँला बुझाँउला भनी सहिछाप गर्ने :-**

| औठा छाप | |
|---|---|
| | |
| दाँया | बाँया |

निवेदक

नाम, थर :-..............................................

हस्ताक्षर :- ..............................................

ठेगाना :-..............................................

सम्पर्क फोन नं. :- ..................................

मिति : २०७ / /

नोटः हजयात्राको फर्म बुझाउने अन्तिम मिति २०७४ वैशाख १० गतेसम्म रहेकोछ ।